## संवत् २०८० साल कात्तिक २ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: तल्लो अरुण जलविद्युत् परियोजनाको लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिने र प्रारम्भिक कारबाही चलाउने अधिकारी तोक्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: लुम्बिनी प्रदेश सरकारलाई संवत् २०८० साल फागुन २७ देखि २९ सम्म अन्तर्राष्ट्रियस्तरको बालबालिका, विकास र शान्तिका लागि लौरियट्स एण्ड लिडर्स चौथो शिखर सम्मेलन, २०२४ आयोजना गर्न स्वीकृति दिने।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: अमेरिकाको Washington DC मा मिति २०८० कात्तिक २७ देखि मङ्सिर १ गतेसम्म सञ्चालन हुने Training on Poverty Measurement and Forest Statistics, and Knowledge Exchange विषयक कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी श्री तोयम रायालाई सहभागी हुन स्वीकृति दिने।

५. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: सुदूरपश्चिम, कर्णाली र गण्डकी प्रदेश सभाका माननीय सभामुखहरू क्रमश: श्री भीमबहादुर भण्डारी, श्री नन्दा गुरुङ र श्री कृष्णप्रसाद धिताललाई UNDP को Parliament Support Program (PSP) अन्तर्गत संवत् २०८० साल मङ्सिर ५ देखि ९ गतेसम्म अष्ट्रेलियामा Exposure Visit को लागि मनोनयन गर्ने।

६. अर्थ मन्त्रालय: ऋण असुली न्यायाधिकरणको लेखा सदस्य पदमा पाँच वर्षका लागि शुक्ला गण्डकी-८, तनहुँका श्री शिवराम महतलाई नियुक्त गर्ने।

७. अर्थ मन्त्रालय: एसियाली विकास बैंकबाट Urban Resilience and Livability Improvement Project को लागि प्राप्त हुने सहायतासम्बन्धी प्रस्तावमा वार्ता गर्नका लागि वार्ता टोली गठन गर्ने।

८. अर्थ मन्त्रालय: नेपालमा वैदेशिक लगानी सहजीकरण गर्न सहयोग गर्नेसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर गर्न स्वीकृति दिने।

९. अर्थ मन्त्रालय: पिसकोर स्वयंसेवक परिचालनसम्बन्धी पूरक समझदारीपत्र स्वीकार गर्ने।

१०. खानेपानी मन्त्रालय: खानेपानी तथा ढल व्यवस्थापन विभाग र अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने।

११. गृह मन्त्रालय: बङ्गलादेशको ढाकामा २०८० कात्तिक ११ देखि १३ गतेसम्म हुने "Electoral System of South Asia: Perspective of National Parliament Elections of Bangladesh" विषयक सेमिनारमा सहभागी हुन माननीय निर्वाचन आयुक्त श्री सगुन सम्शेर ज.ब.रा.को भ्रमण स्वीकृत गर्ने।

१२. गृह मन्त्रालय: भारतको नयाँदिल्लीमा मिति २०८० कात्तिक १३ गतेदेखि १५ गतेसम्म आयोजना हुने "Global Conference on Cooperation in Enforcement" विषयक कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यलाई सहभागी हुन स्वीकृति दिने।

१३. परराष्ट्र मन्त्रालय: माननीय परराष्ट्रमन्त्री नेतृत्वको प्रतिनिधिमण्डलको २०८० कात्तिक ८ देखि १६ गतेसम्मको संयुक्त राज्य अमेरिकाको औपचारिक भ्रमण कार्यक्रम स्वीकृत गर्ने।

१४. परराष्ट्र मन्त्रालय: संयुक्त राष्ट्रसंघका महासचिव महामहिम एन्टोनियो गुटेरेसको मिति २०८० कात्तिक १२ देखि १५ गतेसम्म हुने नेपालको औपचारिक भ्रमण कार्यक्रम स्वीकृत गर्ने।

१५. परराष्ट्र मन्त्रालय: परराष्ट्र मन्त्रालयका सचिव श्री भरतराज पौड्याललाई क्यानडाको लागि आवासीय राजदूत एवं क्यूबा, जमैका, डोमिनिकन रिपब्लिक र हाइटीको लागि गैरआवासीय राजदूत र International Civil Aviation Organization (ICAO) का लागि स्थायी प्रतिनिधिको पदमा नियुक्तिका लागि सिफारिस गर्ने।

१६. परराष्ट्र मन्त्रालय: पोर्चुगलको राजधानी लिस्वनमा नेपाली राजदूतावास स्थापना गर्ने।

१७. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय: गुठी संस्थानका प्रशासक किरण शाक्यलाई पदमुक्त गरी रिक्त प्रशासक पदमा तारकेश्वर नगरपालिका वडा नं. १ का शैलेशराज कुँवरलाई ३ (तीन) वर्षको लागि नियुक्त गर्ने।

१८. युवा तथा खेलकुद मन्त्रालय: नेपाल र इजिप्टबीच युवा तथा खेलकुदसम्बन्धी "MEMORANDUM OF UNDERSTANDING BETWEEN THE GOVERNMENT OF NEPAL AND THE GOVERNMENT OF THE ARAB REPUBLIC OF EGYPT ON COOPERATION IN YOUTH AND SPORTS AFFAIRS" विषयक समझदारीपत्रमा हस्ताक्षर गर्न स्वीकृति दिने।

१९. रक्षा मन्त्रालय: प्रधान सेनापति महारथी श्री प्रभुराम शर्मा र उपरथी श्री प्रेमध्वज अधिकारीलाई चीनको औपचारिक भ्रमण गर्न तथा मिति २०८० कात्तिक १२ देखि १४ गतेसम्म बेइजिङ्गमा सञ्चालन हुने 10th Beijing Xiangshan Forum मा सहभागी हुन स्वीकृति दिने।

२०. वन तथा वातावरण मन्त्रालय: नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, राजपत्र अनङ्कित द्वितीय श्रेणीका फरेष्टरहरूको प्रदेशमा समायोजन गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने।

२१. वन तथा वातावरण मन्त्रालय: वन तथा वातावरण मन्त्रालयका सचिव डा.दीपक कुमार खरालिलाई मिति २०८० कात्तिक ६ देखि १० गतेसम्म Yunnan Province, China मा हुने First Fu'er Forum on Asia-Pacific Forests मा हुने सहभागी हुन स्वीकृति दिने।

२२. वन तथा वातावरण मन्त्रालय: वन पैदाबार विकास समितिमा कार्यरत तथा अवकाशप्राप्त कर्मचारीहरूको तलब भुक्तानीका लागि रु. ८,८५,००,०००।० (आठ करोड पचासि लाख मात्र) वन पैदावार विकास समितिलाई आगामी तीन वर्षभित्र चुक्ता गर्ने गरी ऋण सहायता प्रदान गर्ने।

२३. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय: फ्रान्सको पेरिसमा आयोजना हुने युनेस्कोको ४२ औं महासभामा सन् २०२३ नोभेम्बर ७ देखि २२ सम्म मा. मन्त्री अशोक कुमार राईको नेतृत्वको प्रतिनिधिमण्डललाई र नोभेम्बर १५ देखि २२ सम्म सचिव श्री सुरेश अधिकारी नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागिता हुन स्वीकृति दिने।

२४. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय: मनाङ्ग एयर प्रा.लि.को 9N-AMV कलसाइन रहेको हेलिकप्टर दुर्घटनाको जाँचबुझ गर्न गठित आयोगलाई नै 9N-ANJ कलसाइन रहेको मनाङ्ग एयर प्रा.लि.को हेलिकप्टर दुर्घटनाकोसमेत जाँचबुझ गर्न कार्यदिश थप गर्ने।

२५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय: नेपाल सरकार र कतार सरकारबीच हस्ताक्षर हुने प्रेस तथा सूचनाको क्षेत्रमा आपसी सहयोगसम्बन्धी "PROTOCOL BETWEEN THE GOVERNMENT OF NEPAL AND THE GOVERNMENT OF THE STATE OF QATAR ON COOPERATION IN THE FIELD OF PRESS AND INFORMATION" विषयक समझदारीपत्र स्वीकृत गर्ने।

२६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय: International Telecommunication (ITU) द्वारा यूनाइटेड अरब इमिरेट्सको दुबईमा सञ्चालन हुने World Radiocommunication Conference 2023 (WRC-23) मा मिति २०८० मङ्सिर ३ देखि १० गतेसम्म सहभागी हुन सचिव श्री कृष्ण बहादुर राउतलाई स्वीकृति दिने।

२७. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: २०८० कात्तिक २९ देखि मङ्सिर १ सम्म थाइल्याण्डको बैंककमा आयोजना हुने Seventh Asian and Pacific Population Conference मा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बहादुर वस्नेत र सचिव देव कुमारी गुरागाईंलाई सहभागी हुन स्वीकृति दिने।

२८. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: २०८० कात्तिक १३ देखि १६ सम्म भारतको नयाँदिल्लीमा आयोजना हुने Seventy-Sixth Session of the WHO Regional Committee for South-East Asia विषयक सभामा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहन बहादुर वस्नेत, सचिव डा. रोशन पोखरेल र अतिरिक्त स्वास्थ्य सचिव डा. विकास देवकोटालाई सहभागी हुन स्वीकृति दिने।

२९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय: चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको सभा सदस्यमा अमुदा श्रेष्ठ र पदम बहादुर गिरीलाई ३ वर्षको पदावधि रहने गरी मनोनयन गर्ने।

३०. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय: राष्ट्रिय सहकारी विकास बोर्डको सहअध्यक्ष, सदस्य-सचिव तथा सदस्यहरूको नियुक्ति तथा मनोनयनसम्बन्धी मापदण्ड संशोधन विषयको प्रस्ताव फिर्ता गर्ने।

३१. राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव श्री अर्जुनजङ्ग थापाले उमेर हदको कारणबाट मिति २०८० कात्तिक ६ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

३२. राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव डा. दामोदर रेग्मीले उमेर हदको कारणबाट मिति २०८० कात्तिक ११ देखि अनिवार्य अवकाश प्राप्त गर्नुहुने भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने।

३३. आसन्न दशैं, तिहार, नेपाल संवत् र छठलगायतका सांस्कृतिक पर्वहरूको अवसरमा देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूमा नेपाल सरकारको तर्फबाट हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्ने।

म.प.बै.सं. ३७।०८०

## संवत् २०८० साल कात्तिक १६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: मलेसियाको क्वालालम्पुरमा मिति २०८० मङ्सिर २७ देखि २९ गतेसम्म आयोजना हुने Nineteenth Session of the Governing Council of the Statistical Institute for Asia and the Pacific (SIAP) र Eighteenth Management Seminar for the Heads of National Statistical Offices (NSOS) in Asia and the Pacific विषयक कार्यक्रममा सहभागिताका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी श्री तोयम रायालाई स्वीकृति दिने।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: नेपालको महान्यायाधिवक्ताको कार्यालय र कतार राज्यको सार्वजनिक अभियोजन कार्यालयबीच सहयोग सम्बन्धमा सम्पन्न हुने MEMORANDUM OF UNDERSTANDING FOR COOPERATION BETWEEN THE OFFICE OF THE ATTORNEY GENERAL OF NEPAL AND THE PUBLIC PROSECUTION OF THE STATE OF QATAR विषयक समझदारीपत्र स्वीकृत गर्ने।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: मिति २०८० मङसिर २५ देखि २९ सम्म अमेरिकाको एटलाण्टामा आयोजना हुने "10th Session of conference of the states parties to the United Nations Convention Against Corruption(UNCAC)" कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त श्री प्रेम कुमार राई, सचिव श्री रामेश्वर दंगाल र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव श्री लीला देवी गड्तौलालाई सहभागी हुन स्वीकृति दिने।

४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय: अरुण-३ जलविद्युत् परियोजनाको पावरहाउस प्रवेशमार्गको छुट मुआब्जा/क्षतिपूर्तिसम्बन्धी समस्या समाधान गर्न नेपाल सरकारका पूर्वसचिव श्री अर्जुनजङ्ग थापाको संयोजकत्वमा ३ सदस्यीय उच्चस्तरीय कार्यदल गठन गर्ने। छुट मुआब्जाका सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७८ चैत १७ मा भएको निर्णय तथा लगानी बोर्डको ५६ औं बैठकबाट सिफारिस भएबमोजिमको रकम रु. ५३,००,००,०००।- (अक्षेरेपि त्रिपन्न करोड रुपैयाँ मात्र) विकासकर्ता कम्पनी (SJVN Arun-३ Power Development Company- SAPDC) ले जिल्ला प्रशासन कार्यालय, संखुवासभाको धरौटी खातामा जम्मा गर्ने।

५. अर्थ मन्त्रालय: २०८० कात्तिक २८ देखि मङ्सिर १ गतेसम्म अमेरिकाको न्यूयोर्कमा आयोजना हुने "Dialogue on Tax and the Sustainable Development Goals" विषयक कार्यक्रममा सहभागी हुन सचिव (राजस्व) श्री राम प्रसाद घिमिरेलाई स्वीकृति दिने।

६. अर्थ मन्त्रालय: राष्ट्रिय बीमा संस्थानलाई अधिकृत पुँजी रु. ५० करोड र चुक्ता पुँजी रु. १८ करोड १० लाख २० हजार कायम गरी पब्लिक लिमिटेड कम्पनीमा परिणत गर्न स्वीकृति दिने। राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडको प्रबन्धपत्र र नियमावली, २०८० स्वीकृत गर्ने।

७. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: चीनको सांघाईमा सञ्चालन हुने छैटौं चीन अन्तर्राष्ट्रिय आयात मेलामा सहभागी हुन माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री रमेश रिजाललाई २०८० साल कात्तिक १७ देखि २१ गतेसम्मको अवधिका लागि स्वीकृति दिने।

८. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लगायत ८ वटा आयोजना/आयोगका लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने।

९. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: नेपाल सरकार र गणतन्त्र कोरियाबीच हुने MEMORANDUM OF UNDERSTANDING BETWEEN THE MINISTRY OF AGRICULTURE AND LIVESTOCK DEVELOPMENT OF NEPAL AND THE MINISTRY OF AGRICULTURE, FOOD AND RURAL AFFAIRS OF THE REPUBLIC OF KOREA ON COOPERATION IN THE FIELD OF AGRICULTURE विषयक समझदारीपत्र स्वीकृत गर्ने।

१०. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी समिति गठन गर्ने।

११. गृह मन्त्रालय: विक्रम संवत् २०८१ सालमा दिइने सार्वजनिक बिदा तथा कार्यालय समय निर्धारण गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने।

१२. गृह मन्त्रालय: निमा तामाङको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने।

१३. गृह मन्त्रालय: देवराज धमालाको नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी निजलाई नेपाली नागरिकबाट हटाउने।

१४. गृह मन्त्रालय: भारतको नयाँदिल्लीमा २०८० कात्तिक २० देखि २२ सम्म आयोजना हुने ७ औं नेपाल भारत समन्वय बैठकमा भाग लिनको लागि सशस्त्र प्रहरी महानिरीक्षक श्री राजु अर्याल तथा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक श्री नारायणदत्त पौडेलको भ्रमण स्वीकृत गर्ने।

१५. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय: किस्पाङ गाउँपालिका नुवाकोटलाई ५ (पाँच) शय्याको आधारभूत अस्पताल भवन निर्माण गर्नका लागि सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने।

१६. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय: उदयपुरगढी गाउँपालिकालाई प्रशासकीय भवन निर्माण गर्नका लागि सरकारी जग्गा उपयोग गर्न स्वीकृति दिने।

१७. रक्षा मन्त्रालय: नेपाली सेनाका सैनिक प्राविधिक सेवा, सैनिक इन्जिनियरिङ्ग समूह, उत्पादन उपसमूहका महासेनानीद्वय मूकेश बाटाजू र दिपेश खनालको सरुवा गर्ने।

१८. रक्षा मन्त्रालय: नेपाली सेना, सैनिक हवाई सेवा, पाइलट समूहका महासेनानी किरण थापासमेत ७ (सात) महासेनानीहरूको सरुवा गर्ने।

१९. रक्षा मन्त्रालय: नेपाली सेना, सैनिक साधारण सेवाका उपरथी सन्तोष कुमार ढकालको पदावधि थप गर्ने।

२०. रक्षा मन्त्रालय: नेपाली सेना, सैनिक प्राविधिक सेवा, सैनिक इन्जिनियरिङ समूह, मर्मत तथा सम्भार उपसमूहका उपरथी भोलानाथ बुढाथोकीको पदावधि थप गर्ने।

२१. रक्षा मन्त्रालय: यूएईमा मिति २०८० कात्तिक २७ देखि मङ्सिर १ सम्म यूएईको Dubai World Central Airport (DWC) मा आयोजना हुने 18th edition of the Dubai Airshow 2023 मा मा. उपप्रधानमन्त्री तथा रक्षामन्त्री श्री पूर्णबहादुर खड्का, उपरथी बाबुराम श्रेष्ठ र संयुक्त अरव इमिरेट्सका लागि नेपाली राजदूतलाई सहभागी हुन स्वीकृति दिने।

२२. वन तथा वातावरण मन्त्रालय: वन्यजन्तु बासस्थान व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

२३. वन तथा वातावरण मन्त्रालय: सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण (पहिलो संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने।

२४. वन तथा वातावरण मन्त्रालय: सभाखोला-बी जलविद्युत् आयोजना (१५.१ मे.वा.) निर्माणका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने।

२५. वन तथा वातावरण मन्त्रालय: बडीकेदार गाउँपालिका डोटीको प्रशासकीय भवन तथा १० शय्याको अस्पताल निर्माण गर्नका लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने।

२६. वन तथा वातावरण मन्त्रालय: मदन भण्डारी राजमार्गअन्तर्गत सुर्खेत जिल्लास्थित खम्बागाडे-पलौटे-विद्यापुर-गुटु-मायाताल (२३ कि.मि.) सडक खण्डको स्तरोन्नतिको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने।

२७. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय: मिति २०८० कात्तिक २० देखि २१ सम्म चीनको छोङछिङमा सञ्चालन हुने The Belt and Road Conference on Science and Technology Exchange कार्यक्रममा माननीय राज्यमन्त्री प्रमिला कुमारी र सचिव (विज्ञान तथा प्रविधि) प्रमिला देवी शाक्य बज्राचार्यलाई सहभागी हुन स्वीकृति दिने।

२८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: सहसचिव श्री बलदेव प्रसाद जोशीलाई नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा काज खटाउने।

२९. नेपाल प्रशासन सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री राधिका अर्याललाई बढुवा गरी लुम्बिनी प्रदेशको प्रमुख सचिव पदमा पदस्थापन गर्ने।

३०. नेपाल इन्जिनियरिङ सेवाको समूहीकरण (क्लष्टर) तर्फको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदमा राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव श्री विश्वबाबु पुडासैनीलाई बढुवा गरी नेपाल ट्रष्टको कार्यालयको सचिव पदमा पदस्थापन गर्ने।

३१. सङ्घीय संसदको दुवै सदनको चालु अधिवेशन संवत् २०८० साल कात्तिक १६ गते बिहीबार राती १२.०० बजेदेखि अन्त्य हुन सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने।

३२. नेपाल सरकार (कार्यविभाजन) (दोस्रो संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने।

म.प.बै.सं. ३८।०८०

## संवत् २०८० साल कात्तिक १९ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:

१. अर्थ मन्त्रालय: जाजरकोट जिल्ला केन्द्रबिन्दु भएर आएको भूकम्पमा परेका नागरिकहरूको उद्धार तथा राहतका लागि विभिन्न दातृराष्ट्र, निकाय तथा विदेशमा अवस्थित व्यक्ति र संघ संस्थाबाट प्राप्त भई जिल्ला प्रशासन कार्यालय जाजरकोट र रुकुम पश्चिम वा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको नाममा जाँचपास हुने राहत स्वरूप प्राप्त हुने उपभोग्य मालवस्तुहरूको आयातमा लाग्ने सम्पूर्ण महसुल छुट दिने।

२. १. संवत् २०८० कात्तिक १७ गते राती ११:४७ मा जाजरकोट जिल्लाको बारेकोट गाउँपालिका-१ रामीडाँडालाई केन्द्रबिन्दु बनाएर गएको भूकम्पका कारण ठूलो मात्रामा भएको धनजनको क्षतिप्रति नेपाल सरकारकोतर्फबाट गहिरो दुःख प्रकट गर्ने।

   २. उक्त भूकम्पमा परी निधन भएकाहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना

व्यक्त गर्ने। घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने।

३. खोज, उद्धार, तत्काल राहत र घाइतेहरूको निःशुल्क उपचारमा प्राथमिकता दिने। साथै, भूकम्पबाट विस्थापित भएका परिवारलाई तत्काल अस्थायी आवास, खाद्यान्न र सुरक्षा प्रबन्ध मिलाउने।

४. सुर्खेतलाई मुख्य सम्पर्कस्थल (Base) र नेपालगञ्जलाई सम्पर्कस्थल बनाई खोज, उद्धार र राहतसम्बन्धी कार्य एकद्वार प्रणालीबाट हुने व्यवस्था मिलाउने।

५. मृतकलाई विपद् पीडित उद्धार र राहतसम्बन्धी मापदण्डबमोजिम राहत उपलब्ध गराउने।

६. छिमेकीलगायत मित्रराष्ट्र र अन्तर्राष्ट्रिय संघसंस्थाबाट औपचारिक रूपमा प्रस्ताव भएको सहयोग स्वीकार गर्ने तथा त्यस्तो सहयोगका लागि नेपाल सरकारको तर्फबाट धन्यवाद ज्ञापन गर्ने।

७. भूकम्पपश्चात् तत्काल खोज, उद्धार, राहत र घाइतेको उपचारमा खटिने सरकारी निकाय, स्थानीय तह, प्रदेश सरकार, व्यक्ति एवं संघसंस्थालाई विशेष धन्यवाद दिँदै जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी यसलाई निरन्तरता दिन आग्रह गर्ने।

८. प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गर्नेलाई धन्यवाद दिँदै सहयोगका लागि अपिल गर्ने।

९. भूकम्पबाट क्षति भएका सडक, सञ्चारलगायतका भौतिक संरचना तत्काल मर्मत सम्भार गरी तत्काल सञ्चालनमा ल्याउने व्यवस्था सम्बन्धित निकायले गर्ने।

१०. भूकम्प प्रभावित क्षेत्रका नागरिकको जीविकाका स्रोतको संरक्षण र पशुधन सुरक्षाको व्यवस्था मिलाउने।

११. राहत तथा उद्धारमा प्रत्यक्ष रूपमा परिचालन हुने सुरक्षाकर्मी र स्वास्थ्यकर्मीलाई नियमानुसार दैनिक खाजा खर्च उपलब्ध गराउने।

१२. सहरी विकास मन्त्रालयले जाजरकोटलाई आधार मानेर भूकम्पबाट क्षतिभएका संरचनाहरूको पुनर्निर्माण कार्य अघि बढाउने। क्षतिग्रस्त संरचनाको पुनर्निर्माणलाई एकीकृत कार्ययोजना बनाई अघि बढाउने।

१३. भूकम्पजन्य जोखिम न्यून गर्न भूगोल र भूगर्भको अध्ययनका आधारमा आगामी दिनमा बस्ती विकास गर्ने व्यवस्था मिलाउने।

१४. विपद् प्रभावितहरूको लागि आवश्यक पर्न सक्ने राहत तथा उद्धार सामग्रीहरू पूर्वतयारी स्वरूप मौज्दात राख्ने।

१५. उल्लिखित कार्यको लागि आवश्यक पर्ने बजेट अर्थ मन्त्रालयले सम्बन्धित मन्त्रालयलाई निकासा दिने।

म.प.बै.सं. ३९।०८०

## संवत् २०८० साल कात्तिक २३ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरूः

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मिति २०८० मङ्सिर २० देखि २२ गतेसम्म थाइल्याण्डको बैंककमा आयोजना हुने "Concretizing Actions Towards Agri-food Systems Transformation" कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. जयकान्त राउतलाई सहभागी हुन स्वीकृति दिने।

२. अर्थ मन्त्रालयः एनसेल एक्जियाटा लिमिटेडलाई गरिएको नपुग ब्याज रकम भुक्तानीको समर्थन गर्ने।

३. अर्थ मन्त्रालयः एसियाली विकास बैंकबाट बजेटरी सहायताको रूपमा प्राप्त हुने १० करोड अमेरिकी डलर सहुलियतपूर्ण ऋण स्वीकार गर्ने।

४. अर्थ मन्त्रालयः लगानी सम्मेलन, २०८१ आयोजना गर्ने।

५. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन राष्ट्रिय नीति, २०८० स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयः कर्णाली-चिसापानी जलाशययुक्त जलविद्युत् आयोजनाको अध्ययन कार्य नेपाल विद्युत् प्राधिकरणमार्फत गराउन स्वीकृति दिने।

७. कृषि तथा पशुपन्छी विकास मन्त्रालय: नेपाल कृषि सेवा एग्.इको.एण्ड मार्केटिङ्ग समूहको सहसचिव (प्रा.) पदमा कार्यरत डा. कमलराज गैरेलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (ख) देहाय (१) बमोजिमको विभागीय सजाय किन नगर्ने भनी स्पष्टीकरण माग गर्ने।

८. गृह मन्त्रालय: सशस्त्र प्रहरी बल, नेपालअन्तर्गत स्थापना हुने १९ बोर्डर आउटपोष्टहरूको लागि जग्गा प्राप्ति गर्ने।

९. गृह मन्त्रालय: मिति २०८० मङ्सिर १२ देखि १५ गतेसम्म अष्ट्रियाको भियनामा आयोजना हुने ९१ औं INTERPOL महासभामा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर र सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक वंशीराज दाहाललाई सहभागी हुन स्वीकृति दिने।

१०. परराष्ट्र मन्त्रालय: गणतन्त्र पोर्चुगलका लागि नेपालको आवासीय राजदूत पदमा एक अवधि (४ वर्ष) का लागि चीदिपानी-८, पाल्पा स्थायी ठेगाना भएका श्री शनिल नेपाललाई नियुक्तिका लागि सिफारिस गर्ने।

११. भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय: सहकारी क्षेत्रको समस्या समाधानको लागि अर्को व्यवस्था नभएसम्म महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकालाई कार्यक्षेत्र बनाई बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी संघ, प्रदेश र स्थानीय तहबाट कुनै पनि प्रकृतिको सहकारी संस्थाको दर्ता, कार्यक्षेत्र विस्तार तथा सेवा केन्द्रको स्वीकृतिमा रोक लगाउने।

१२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय: २०८० मङ्सिर ८ देखि १२ सम्म चीनमा हुने "Eighth Working Group Meeting on China-Nepal Railway Cooperation" विषयक कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव श्री केशव कुमार शर्मालाई सहभागी हुन स्वीकृति दिने।

१३. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय: २०८० साल मङ्सिर ४ र ५ गते अजरबैजानको बाकुमा आयोजना हुने International Conference on Advancing the Rights and Empowerment of Women मा सहभागी हुन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीलाई स्वीकृति दिने।

१४. युवा तथा खेलकुद मन्त्रालय: नेपाल र कतारबीच युवा तथा खेलकुदसम्बन्धी "MEMORANDUM OF UNDERSTANDING ON COOPERATION IN THE FIELD OF YOUTH AND SPORTS BETWEEN THE GOVERNMENT OF THE STATE OF QATAR AND THE GOVERNMENT OF NEPAL" विषयक समझदारीपत्रमा हस्ताक्षर गर्न स्वीकृति दिने।

१५. वन तथा वातावरण मन्त्रालय: जैविक विविधता एवं प्रजाति संरक्षणको दृष्टिले महत्त्वपूर्ण पाँचऔंलेलगायतका अन्य जडिबुटी तथा रुख प्रजातिहरूको सङ्कलन, कटान, उपभोग, ओसारपसार, बिक्री वितरण वा विदेश निकासीमा प्रतिबन्ध लगाउने।

१६. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय: २०८० मङ्सिर १८ देखि २० गतेसम्म Tanzania को Zanzibar मा आयोजना हुने GPE को Board of Directors को बोर्ड बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव (शिक्षा) श्री सुरेश अधिकारीलाई भाग लिन स्वीकृति दिने।

१७. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय: नेपाल सरकार र जापान सरकारबीच हस्ताक्षार हुने MEMORANDUM OF COOPERATION ON THE TECHNICAL INTERN TRAINING PROGRAM BETWEEN THE MINISTRY OF JUSTICE, THE MINISTRY OF FOREIGN AFFAIRS AND THE MINISTRY OF HEALTH, LABOUR AND WELFARE OF JAPAN AND THE MINISTRY OF LABOUR, EMPLOYMENT AND SOCIAL SECURITY OF NEPAL विषयक द्विपक्षीय समझदारीपत्र स्वीकृत गर्ने।

१८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय: नेपाल पर्वतारोहण संघलाई २७ वटा हिमचुलीको व्यवस्थापन गर्ने अधिकार पाँच वर्षका लागि नवीकरण गर्ने।

१९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय: २०८० कात्तिक ३० देखि मङ्सिर २ सम्म रसियामा आयोजना हुने the Saint Petersburg International Cultural Forum - "United Cultures Forum" कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री भरतमणि सुवेदीलाई भाग लिन स्वीकृति दिने।

२०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय: २०८० कात्तिक २२ देखि २६ सम्म चीनको सिचुवान प्रदेशको Emeishan City मा आयोजना भएको 10th Travel Expo कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशिला सिर्पाली ठकुरीको सहभागितालाई समर्थन गर्ने।

२१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने।

२२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदुरपश्चिम प्रदेशको प्रमुख सचिव पदमा सहसचिव श्री हरिप्रसाद लम्साललाई कायम मुकायम मुकरर गर्ने।

२३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: भरतपुर महानगरपालिका र जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतको सिगात्से सहरबीच भगिनी सम्बन्ध स्थापना गर्न स्वीकृति दिने।

२४. हुलाक (पाँचौं संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने।

२५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय: सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०८० स्वीकृत गर्ने।

२६. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय: राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश, २०८० स्वीकृत गर्ने।

२७. पूर्ण क्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि गठित विज्ञ समूहको अध्ययन प्रतिवेदन, २०७९ कार्यान्वयनका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिने।

२८. संवत् २०८० साल कात्तिक १७ गते जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पबाट प्रभावितहरूको सहयोगार्थ सम्माननीय प्रधानमन्त्रीज्यूलगायत मन्त्रिपरिषद्का सदस्यहरूले एक महिनाको पारिश्रमिक प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा गर्ने।

२९. बुढीगण्डकी जलाशययुक्त जलविद्युत् आयोजना निर्माणको लागि आवश्यक पर्ने बजेट अभाव हुन नदिन नेपाल सरकारले इन्धनमा लगाएको पूर्वाधार शुल्कसमेत उपयोग हुने गरी आयोजनाको लागि आवश्यक पर्ने बजेट सालबसाली रूपमा विनियोजन गर्ने व्यवस्था अर्थ मन्त्रालयले मिलाउने।

३०. क्रिकेट रङ्गशालाहरू (विराटनगर, मुलपानी र भरतपुर) लाई राष्ट्रिय गौरवको आयोजनाको रूपमा निर्माण गर्ने गरी प्रक्रिया अघि बढाउने।

३१. नेपाल सरकारको निजामती सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव श्री मधुकुमार मरासिनी र श्री नारायणप्रसाद शर्मा दुवाडीको सरुवा गर्ने।

म.प.बै.सं. ४०।०८०

**संवत् २०८० साल कात्तिक २७ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू:**

१. अर्थ मन्त्रालय: अनुदान सहायतासम्बन्धी समझदारीपत्र अनुमोदन गर्ने।

२. परराष्ट्र मन्त्रालय: सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूको नेतृत्वको प्रतिनिधिमण्डललाई संयुक्त अरब इमिरेट्समा आयोजना हुने UN Framework Convention on Climate Change (UNFCCC) को २८ औं Conference of Parties (COP28) मा २०८० मङ्सिर १३ देखि १७ गतेसम्म सहभागी हुने गरी

भ्रमण कार्यक्रम स्वीकृत गर्ने।

३. मिति २०८० कात्तिक २८ देखि सुरु हुने नेपाल संवत् ११४४ को उपलक्ष्यमा सबै नेपालीमा हार्दिक शुभकामना व्यक्त गर्ने। नेपाल संवत् ११४४ देखि विक्रम संवत् उल्लेख गरिने सरकारी कागजातमा नेपाल संवत्समेत उल्लेख गर्ने।

४. सामाजिक सञ्जालको रूपमा प्रयोग भइरहेको टिकटकका माध्यमबाट सामाजिक सद्भाव एवं सामाजिक वातावरणमा नकारात्मक असर परिरहेकोले नेपालमा टिकटकको प्रयोगमा तत्काल रोक लगाउने र यससम्बन्धी व्यवस्था सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मिलाउने।

५. १. संवत् २०८० कात्तिक १७ गते राति जाजरकोट केन्द्र भएर गएको भूकम्पपछिको व्यवस्थापनका सम्बन्धमा भूकम्पबाट प्रभावित क्षेत्रहरूमा प्रभावित व्यक्तिहरूका लागि तत्काल अस्थायी आवास निर्माण गर्नुपर्ने भएकाले देहायबमोजिम गर्ने-:

(क) भूकम्पका कारण आवासको पूर्ण क्षति भएका र आंशिक क्षति भए तापनि बसोबास गर्न योग्य नरहेका घरपरिवारलाई अस्थायी आवास निर्माणका लागि दुई किस्तामा गरी प्रति परिवार रु. ५०,००० उपलब्ध गराउने। यस्तो रकम विपद् व्यवस्थापन कोषबाट सम्बन्धित स्थानीय तहमा पठाउने र स्थानीय तहले परिवारको स्वघोषणा र सम्बन्धित वडाको सिफारिसमा लाभग्राहीको बैंक खातामा सिधै उपलब्ध गराउने। अनुदान रकम उपलब्ध गराउने कार्यविधि विपद् व्यवस्थापन कार्यकारी समितिले निर्धारण गरेबमोजिम हुने।

(ख) सहरी विकास मन्त्रालयले अस्थायी आवास निर्माणका लागि सम्बन्धित स्थानीय तहका प्राविधिकमार्फत प्राविधिक सहयोग उपलब्ध गराउने।

(ग) संघ र स्थानीय तहसँग समन्वय गरी आवश्यकताअनुसार जनशक्ति उपलब्ध गराउन तथा अस्थायी आवास निर्माण र प्राविधिक परिचालनको अनुगमन गर्न प्रदेश सरकारलाई अनुरोध गर्ने।

(घ) अस्थायी आवास निर्माणलगायतका कार्यमा आवश्यक समझदारी कायम गर्न तथा सहयोग र समन्वय गर्न स्थानीय तह र वडामा निर्वाचित जनप्रतिनिधिको संयोजकत्वमा सम्बन्धित स्थानीय तह र वडामा क्रियाशील राजनीतिक दलका प्रतिनिधि सम्मिलित सर्वदलीय संयन्त्र निर्माण गरी परिचालन गर्ने।

(ङ) भूकम्पबाट प्रभावित क्षेत्रका स्थानीय प्रशासन र सुरक्षा निकायले तत्काल खोज, उद्धार र राहतका लागि उक्त निकायले उपलब्ध बजेटबाट गरेको इन्धन खर्चबापतको रकम अर्थ मन्त्रालयले सम्बन्धित निकायलाई तत्काल उपलब्ध गराउने।

२. चालु आर्थिक वर्ष २०८०/८१ का लागि संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमका लागि छुट्याइएको रु. ८ अर्ब २५ करोड हाललाई भूकम्पपछिको पुनर्स्थापना र पुनर्निर्माणमा खर्च गर्ने गरी विपद् व्यवस्थापन कोषमा सार्ने र थप रु. १ अर्ब ७५ करोडसमेत सो कोषमा थप गरी जम्मा रु. १० अर्ब विपद् व्यवस्थापनका लागि उपलब्ध गराउने व्यवस्था अर्थ मन्त्रालयले मिलाउने।

३. भूकम्पपछिको पुनर्निर्माणका लागि प्रारम्भिक अनुमानभन्दा निकै बढी स्रोत आवश्यक पर्ने देखिएकाले विपद् व्यवस्थापन कोषमा सहयोग उपलब्ध गराउन व्यक्ति, संघसंस्थाका साथै मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय संघसंस्थालाई आह्वान गर्ने।

४. नेपाल भूकम्प, प्राकृतिक प्रकोप र जलवायु परिवर्तनको उच्च जोखिममा रहेको मुलुक भएकाले व्यक्तिगत आवासलगायत सबै भवन तथा संरचनाको बीमा गराउने सम्बन्धमा अध्ययन गरी नेपाल सरकारको मुख्यसचिवले प्रतिवेदन पेश गर्ने।